म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ११९ शनिबार २३ मंसिर २०८० ने. सं. ११४४ कछलागा 9 December 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## २२ जनाले गरे रक्तदान

हेटौंडा, २२ मंसिर/निर्माण दिवसको अवसरमा हेटौंडामा शुक्रबार रक्तदान कार्यक्रम भएको छ । निर्माण व्यवसायी संघ मकवानपुरले १६ औं राष्ट्रिय निर्माण दिवसको अवसरमा रक्तदान कार्यक्रम गरेको हो ।

संघका अध्यक्ष बालगोपाल कंडेलको सभाध्यक्षता तथा संघका सल्लाहकार एवम् पूर्वअध्यक्ष आनन्दराम पराजुलीको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको थियो । रक्तदान कार्यक्रममा २२ जनाले रक्तदान गरेका थिए । कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीका प्रमुख लक्ष्मण भट्टराई, निर्माण व्यवसायी महासंघ बागमती प्रदेश सहकोषाध्यक्ष राजेश भेटवाल, संघका पूर्वअध्यक्ष खड्ग गोपालीलगायत संघका पदाधिकारीको उपस्थिति रहेको थियो ।

# 'मिल्क होलिडे'को मारमा किसान, ३० करोड बढी भुक्तानी गर्न बाँकी

निशा गुरुङ

हेटौंडा, २२ मंसिर/ हेटौंडा दुग्ध वितरण आयोजना लगायत निजी क्षेत्रका डेरी उद्योगले साताको दुईदिन अघोषित रुपमा किसानको दूध खरिद नगर्दा मकवानपुरका किसान यतिबेला 'मिल्क होलिडे' को मारमा परेका छन् ।

साताको दुईदिन 'मिल्क होलिडे' भएपछि दुग्ध उत्पादक कृषकहरु समस्यामा परेका हुन् । दूध बिक्री नभएपछि मकवानपुरगढी गाउँपालिकाका कृषकले उत्पादन गरेको दूध पुन गाई, भैंसीलाई खुवाउने र बाँकी रहेको फाल्नु पर्ने बाध्यता सिर्जना भएको छ । डेरी उद्योगले साताको दुईदिन दूध खरिद नगर्नुका साथै दूधको रकम पनि भुक्तानी दिएका छैनन् ।

डेरी उद्योगले भारतीय बजारबाट सस्तोमा दूध आयात पनि गरिरहेका छन् । खुला सीमानाका कारण भारतीय बजारको दूध नेपालका डेरी उद्योगमा सहजै आइपुग्ने गरेको छ । मकवानपुरमा रहेका निजी र सरकारी स्वामित्वको संस्थानले कार्तिक मसान्तसम्म कृषकलाई ३० करोड रुपैयाँभन्दा बढी भुक्तानी गर्न बाँकी रहेको जिल्ला दुग्ध उत्पादक सहकारी



संस्था लिमिटेड मकवानपुरका व्यवस्थापक कुमामणि दाहालले जानकारी दिएका छन् ।

'दुग्ध विकास संस्थान हेटौंडा दुग्ध वितरण आयोजनालाई हामीले दैनिक ७ हजार लिटर दुध दिन्छौं । संस्थानले पनि लामो समयदेखि हामीसँग बटर स्टक छ, पाउडर स्टक छ र यो विक्री नगरेसम्म हामीले भुक्तानी गर्न सकेनौं भनिरहेका छन्,' व्यवस्थापक दाहालले भने, 'मकवानपुरमै एउटा खुशीको कुरा थियो 'डक चिट' भनेर अमेरिका निर्यात हुने बाहिरी मुलुकमा जाने पदार्थ उत्पादन हुन्थ्यो त्यहाँ पनि स्टक त्यसैगरी बस्यो । त्यसरी नै सबै उद्योगमा स्टक बसेपछि भुक्तानी बाँकी रहन पुग्यो ।'

व्यवस्थापक दाहालले मकवानपुरका १३ वटा उद्योगलाई दूध विक्री गर्दा २० हजार लिटर पनि खपत नहुने गरेको बताए । जिल्ला दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडले दैनिक दुध संकलन गर्दा ४० देखि ५० हजार लिटर दुध दिनमा संकलन हुने गरेको र एकदिन बन्द एक दिन खुल्ला गर्ने बित्तिकै ६० हजार पुग्ने गरेको व्यवस्थापक दाहालले बताए । उनले विगतमा किसानहरु 'मिल्क होलिडे' को मारमा परेपनि यसपटक भने रकम सहितको मारमा परेको बताए ।

मकवानपुरगढी गाउँपालिकामा भैंसी फर्म चलाउँदै आएका किसान सन्दीप सापकोटाले 'मिल्क होलिडे' का कारण समस्या परेको बताए । उनले उद्योगले मिल्क होलिडे गर्नुका साथै भुक्तानी नगर्दा झन् धेरै समस्या भएको बताए । साताको दुई दिन मिल्क होलिडे हुँदा महिनामा ३ करोड रुपैयाँको दूध खेर जाने गरेको उनको भनाई छ । तर, हेटौंडा दुग्ध वितरण आयोजना लगायत निजी क्षेत्रका उद्योगले नियमितरुपमा दूध संकलन गर्न छोडेर सातामा पाँच दिनमात्र दूध संकलन गर्नु भनेर जिल्ला दुग्ध उत्पादन सहकारी संस्था लिमिटेडमार्फत मनकामना दुग्ध सहकारीलाई सूचना गरेकाले कृषकहरु समस्यामा परेका हुन् ।

सहकारीले साताको दुईदिन दूध संकलन नगर्दा दैनिकरुपमा दुईसय लिटरसम्म दूध बिक्री गर्दै आएका किसान थप समस्यामा परेको सहकारीका व्यवस्थापक शशी लम्सालले बताए । जिल्ला दुग्ध उत्पादक सहकारी संस्थाले ६१ वटा दुग्ध सहकारीमार्फत दैनिक ५० हजार लिटर दूध खरिद गरेर बिक्री गर्दै आएको छ । तीमध्ये अहिले १५ हजार लिटर दूध हेटौंडामा खपत भइरहेको छ भने २० हजार लिटर दूध ललितपुर, भक्तपुर र काभ्रेमा पठाउने गरिएको छ । संकलन गरिएका दैनिक १५ हजार लिटर दूध खपत हुन सकेको छैन । जसका कारण संस्थाले साताको पाँच दिनमात्र दूध संकलन गर्ने गरेको छ ।

# मनोरञ्जन कर समायोजनमा प्रदेश सरकारको ध्यानाकर्षण

साझाकुरा संवाददाता



हेटौंडा, २२ मंसिर/ नेपाल चलचित्र संघको नेतृत्वमा बागमती प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्री गंगानारायण श्रेष्ठलाई मनोरञ्जन कर समायोजनबारे ज्ञापनपत्र बुझाइएको छ ।

मन्त्रालयमा संघका महासचिव नरेन्द्र महर्जन, निर्माता तथा कलाकार दीपकराज गिरी, नेपाल चलचित्र प्राविधिक संघका अध्यक्ष पुष्कर लामालगायत चलचित्रकर्मीले मन्त्री श्रेष्ठलाई पत्र बुझाएका हुन् । चलचित्र क्षेत्रले संघीय सरकारलाई १५ प्रतिशत चलचित्र विकास शुल्क, प्रदेश सरकारलाई ५ प्रतिशत मनोरञ्जन कर र त्यसपछि १३ प्रतिशत मूल्य अभिवृद्धि कर गरी ३३ प्रतिशत भन्दा बढी करहरु बुझाउनुपर्ने बाध्यता रहेको महासचिव महर्जनले बताए ।

पत्र बुझ्दै मन्त्री श्रेष्ठले प्रदेश सरकारसँग त्यति धेरै अधिकार नभएपनि अधिकारभित्र रहेका विषयलाई आवश्यक सम्बोधन गरिने बताए । हामीले चलचित्र सम्बन्धी विधेयकको ड्राफ्ट तयारी गर्दै गरिरहको अवस्थामा अहिले तत्काल कानुन बनाएर कार्यान्वयन गर्ने तयारीमा रहेको बताए ।

आगामी आर्थिक वर्ष विधेयक नै तयार पारी कार्यान्वयनमा ल्याउने बताएका थिए । हल सञ्चालन, नियमन र अनुगमनको क्षेत्राधिकार पनि हामीलाई नै रहेकाले विधेयक निर्माण पछि सहजता हुने बताए । मन्त्रीले श्रेष्ठले करको विषयमा भने मन्त्रालयले भन्दा पनि यस विषयलाई संसदमा पेश गरी आवश्यक प्रक्रिया अघि बढाउने प्रतिवद्धता व्यक्त गरेका छन् ।

कोशी प्रदेशमा पनि प्रदेशको ५ प्रतिशत करमा समायोजन गरी नेपाली चलचित्रको १.५ प्रतिशत र विदेशी चलचित्रको ३ प्रतिशत कायम गरेको कलाकार एवम् निर्माता गिरीले बताए । कलासंस्कृति जर्गेना गर्ने माध्यम रहेको चलचित्र उद्योगलाई तीन तहकै सरकारको साथ सहयोग आवश्यक रहेको बताउँदै कलाकार गिरीले अन्य उद्योग जस्तो सरकारले चलचित्र उद्योगलाई हेर्ने दृष्टिकोण फरक रहेको बताए । चलचित्रकर्मीले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रमुख सचिव घनश्याम उपाध्यायलाई समेत ज्ञापनपत्र बुझाएका थिए ।

पत्र बुझ्दै प्रमुख सचिव उपाध्यायले चलचित्र प्रवर्द्धन र समग्र विकासमा प्रदेश सरकारको साथ रहने प्रतिवद्धता व्यक्त गरेका थिए । कार्यक्रममा नेपाल चलचित्र संघका महासचिव महर्जन, कलाकार गिरी, कलाकार एंव निर्देशक दीपाश्री निरौला, प्रदेश सञ्चार रजिष्ट्रार रेवतीप्रसाद सापकोटा, नेपाल चलचित्र प्राविधिक संघका अध्यक्ष पुष्कर लामा, कलाकार निर्मल शर्मा गैंडा, राज कटुवाल, सुमन गिरी, ध्रुव न्यौपाने, सुशान्त कुमार श्रेष्ठलगायतको उपस्थिति रहेको थियो ।

# चन्द्रोदयमा निबन्ध प्रतियोगिता

साझाकुरा संवाददाता

हेटौंडा, २२ मंसिर/ हेटौंडा-८ कमानेस्थित चन्द्रोदय माध्यमिक विद्यालयले शुक्रबार एउटा लघु कार्यक्रम गरी निबन्ध प्रतियोगिताका विजयीहरुलाई पुरस्कार प्रदान गरेको छ ।

'राष्ट्र विकासमा युवाको भूमिका' शीर्षकमा गत शुक्रबार स्थलगत निबन्ध लेखन गराइएको थियो । कक्षा ११ तथा १२ का विद्यार्थी सहभागी हुन पाउने प्रतियोगितामा दुवै कक्षाका चार सेक्सनका २० जना विद्यार्थी सहभागी भएका थिए । सोही प्रतियोगिताका विजेताहरुलाई शुक्रबार पुरस्कार प्रदान गरिएको हो । विव्यस अध्यक्ष दिवाकर मैनालीले विद्यार्थीलाई



पुरस्कारका रुपमा व्याकरण पुस्तक, कापी तथा डटपेन प्रदान गरेका थिए ।

कार्यक्रममा प्रधानाध्यापक जिधराज ढकालले सहजीकरण गरेका थिए भने सभाध्यक्षता विव्यस अध्यक्ष मैनालीले गरेका थिए । नेपाली भाषाशिक्षक रमेशमोहन अधिकारी तथा विश्वनाथ सन्जेलको निर्णायकत्वमा प्रथम, द्वितीय तथा तृतीयमा क्रमश: माधव पुडासैनी, रोमप्रसाद ढकाल तथा रिना थिङ विजयी घोषणा गरिएका थिए ।

कार्यक्रममा प्लस टु कोर्डिनेटर आत्माराम दाहाल, माध्यमिक तह संयोजक धनराज फुँयाल तथा प्रकाश लम्साल, विव्यस सदस्य कृष्णप्रसाद अर्याललगायतको उपस्थिति थियो ।

# रातोमाटोमा मोटरसाइकल दुर्घटना, ३२ वर्षीया युवतीको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, २२ मंसिर/ हेटौंडा उपमहानगरपालिका-१५ रातोमाटेस्थित पूर्वपश्चिम राजमार्गमा बसको ठक्करबाट मोटरसाइकलमा सवार यात्रुको मृत्यु भएको छ ।

पथलैयाबाट भरतपुरका लागि आउँदै गरेको ना ४ ख ९५२० नं. को बसले सोही दिशातर्फ आउँदै गरेको ना ५३ प ८५२७ नं.को मोटरसाइकललाई शुक्रबार बिहान ठक्कर दिएर दुर्घटना हुँदा घाइते भएका जीतपुर सिमरा उपमहानगरपालिका-१२ की ३२ वर्षीया निशा कुमारीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

बसको ठक्करबाट मोटरसाइकल चालक जितपुर सिमरा उपमहानगरपालिका-१२ का वर्ष ४३ का रोशनकुमार रायको बायाँ खुट्टामा चोट लागेको छ ।

मोटरसाइकल पछाडि सवार निशा कुमारीलाई टाउ`मा गम्भीर चोट लागेर उपचारका लागि दुवैजनालाई हेटौंडा अस्पताल पठाएकोमा निशा कुमारीलाई बिहान ११:३३ बजे डाक्टरले मृत घोषणा गरेको प्रहरीले जनाएको छ । मोटरसाइकल, बस र बसचालक प्रहरीको नियन्त्रणमा छन् ।

# सवारी धनीले विजक जारी गरेर मालसामान ढुवानी गर्न माग

साझाकुरा संवाददाता


हेटौंडा, २२ मंसिर/ मालबाहक ट्रकहरुले मालसामान ढुवानी गर्दा सवारी धनीले नै मूल्य अभिवृद्धि करको विजक जारी गरेर मात्रै ढुवानी गर्न पाउनु पर्ने माग गरिएको छ । नारायणी यातायात व्यवसायी कम्पनी प्रालिले शुक्रबार पत्रकार भेटघाट गर्दै यस्तो माग गरेको हो ।

कम्पनीमा आवद्ध ढुवानीका साधन ट्रकहरुले लामो समयदेखि मालसामान ढुवानी गरिरहेको सन्दर्भमा आर्थिक वर्ष २०८०/८१ देखि आन्तरीक राजस्व कार्यालयमा दर्ता गरी मूल्य अभिबृद्धि करविजक जारी पश्चात ढुवानी गर्दै आएका थिए ।

सुरुवाती समयमा मूल्य अभिबृद्धि करको विजक सवारी धनीको तर्फबाट जारी भइ सामान ढुवानी भइरहेकोमा अवस्थामा केही समयदेखि उद्योगी एवम् ब्यापारीहरुले बिजक गाडी धनीको तर्फबाट काट्न नमानेको पत्रकार भेटघाटमा कम्पनी अध्यक्ष गोकर्णप्रसाद पराजुलीले बताए ।

हाल सवारी साधनले मूल्य अभिवृद्धि करविना मालसामान लोड गरेमात्र ढुवानी गर्न पाउने नत्र मालसामान लोड गर्न नपाउने अबस्था उद्योगी व्यपारीले श्रृजना गरेको भन्दै कम्पनीले त्यसको विरोध गरेको हो । यस्तो अवस्थाले मूल्य अभिवृद्धि करमा दर्ता भएका सावरी साधन सचालनमा अवरोध भएकोले सवारी धनीको तर्फबाट पूर्णरुपमा मूल्य अभिवृद्धि कर विजक जारी गर्दै ढुवानी व्यवस्था लागू गर्ने वातावरण तयार गरिदिन समेत सम्बन्धित निकायमा अनुरोध गरिएको छ ।

सम्बन्धित निकायबाट मूअकरको विजक शतप्रतिशत लागु गराउने व्यवस्था नगरिए सवारी धनीले आन्तरीक राजश्व कार्यालयमा दर्ता गराएका मूअकर प्रमाणपत्रहरु खारेज गर्ने ब्यवस्था हुनुपर्ने भन्दै पराजुलीले ध्यानाकर्षण समेत गराएका छन् । पराजुलीले जारी गरेको बिज्ञप्तीमा सम्पूर्ण सवारी धनीलाई मूअकरको विजक जारी गरेर मात्र मालसामान ढुवानी गर्न समेत अनुरोध गरिएको छ ।

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# गुगलले ल्यायो नयाँ एआई 'जेमिनी'




काठमाडौं/गुगलले आफ्नो नयाँ आर्टिफिसियल इन्टेलिजेन्स (एआई) टुल सार्वजनिक गरेको छ । 'जेमिनी' नामक उक्त टुल विभिन्न विषयमा मानिसले जस्तै काम गर्न सक्षम रहेको बताइएको छ ।

उदाहरणका लागि कुनै चिजलाई हेरेर अन्दाज लगाउने मामिलामा यसले मानिसले जस्तै पहिचान गर्न सक्दछ । जेमिनी एउटा मल्टीमोडेल जनरल एआई हो, जुन अहिलेसम्मकै सर्वाधिक शक्तिशाली एआई टुलको रुपमा र हेको गुगलको दाबी छ ।

नयाँ एआई मोडेललाई गुगलले अल्ट्रा, प्रो र नानो गरी तीनवटा मोडेलमा लञ्च गरेको छ ।

ओपन एआई कम्पनीको सर्वाधिक लोकप्रिय एआई टुलको रुपमा रहेको च्याट जिपिटीलाई टक्कर दिनका लागि गुगलले जेमिनीको विकास गरेको बताइएको छ ।

**के हो जेमिनी ?**


स्मरण रहोस् गुगलले यो वर्ष सन् २०२३ को सुरुवाततिर आफ्नो एआई च्याटबट बार्ड सार्वजनिक गरकेो थियो । तर च्याट जिपिटीको अगाडि बार्ड निकै कमजोर सावित भयो । जेमिनी भने त्यसको अगाडिको कहानी हो ।

गुगल डीपमाइन्डका संस्थापक सीईओ डेमिस हासाबिसका अनुसार जेमिनी आर्टिफिसियल इन्टेलिजेन्सको एउटा त्यस्तो संस्करण हो जुन सफ्टवेयरको स्मार्ट पिस हुनुका साथै मानिसका लागि उपयोगी पनि छ । यो एक विज्ञ सहयोगी वा सहायक जस्तै रहेको उनको भनाइ छ ।

यो एक मल्टीमोडेल टुल हो । अर्थात् यसले टेक्स्ट, कोड, अडियो, तस्वीर तथा भिडियोलाई बुझ्न सक्दछ र सञ्चालित हुन सक्दछ । यो केवल जानकारी दिने कुरामा मात्रै सीमित छैन । उता च्याट जिपिटीले भने

**यौनस्वास्थ्य**

# यौन सुखका लागि प्राकृतिक गर्भनिरोधक विधि



दाम्पत्य जीवनको अभिन्न पाटो हो यौन । सन्तान जन्माउन मात्र होइन, आपसी सम्बन्धलाई प्रेमिल र रोमाञ्चक बनाइराख्न पनि यौनले भूमिका खेल्छ । दाम्पत्य सुखको एउटा कडी हो यौन । यसका थुप्रै सकारात्मक पक्ष छन् । जस्तो कि यसले दम्पतीबीचको सम्बन्धलाई प्रगाढ बनाउँछ । किनभने यस क्रममा दुवैजना भावनात्मक रुपले एकदमै नजिक हुन्छन् । तनाव, चिन्ता जस्ता मानसिक विकार हटाउँछ ।

कतिपय अध्ययनमा के पाइएको छ भने सक्रिय यौन सम्बन्धले शारीरिक स्वास्थ्यमा पनि प्रभाव पार्छ । रक्त प्रवाहदेखि फदयलाई स्वस्थ राख्न समेत यौनक्रियाले सहयोगी भूमिका खेल्छ ।

यद्यपि यौन सम्बन्धका लागि श्रीमान् र श्रीमती दुवै उत्सुक र तयार हुनुपर्छ । यसमा दुवैको समान सहभागिता जरुरी हुन्छ । यौनका लागि दुवैमा एकसाथ मूड नबन्न सक्छ । यस्तो अवस्थामा प्राकक्रीडा आवश्यक हुनसक्छ । यसले क्रमश: दुवैमा यौनप्रति उत्सुकता जगाउँछ । प्राकक्रीडा भनेको यौन सम्पर्कपूर्व गरिने यस्तो अभ्यास हो, जसले दुवैलाई यौनका लागि समूचित ढंगले उक्साउँछ ।

यौनक्रियाका क्रममा गर्भ रहने सम्भावना रहन्छ । सन्तानको रहर पुगिसकेको अवस्थामा गर्भ रह्यो भने दम्पतीका लागि त्यो टाउको दुखाइको विषय बन्न पुग्छ । कुनै गर्भनिरोधक औषधि वा विधि प्रयोग नगरेको अवस्थामा गरिने यौन सम्पर्कबाट गर्भ रहन सक्छ ।

त्यसैले सुरक्षित यौन सम्बन्ध बनाउनका लागि गर्भनिरोधक साधनहरुको प्रयोग गर्न सकिन्छ । गर्भ रहेको अवस्थामा पनि आपतकालीन चक्कीको सेवन गर्न सकिन्छ । यौन सम्पर्क भएको निश्चित अवधिभित्र सेवन गरेपछि गर्भ रहने जोखिम कम हुन्छ ।

सुरक्षित यौन सम्बन्धका लागि कन्डम जस्ता साधनहरु प्रयोग गर्नु उचित हुन्छ । यसले एकातिर गर्भ रहने जोखिम कम गर्छ भने अर्कोतिर यौनजन्य रोग सर्ने भय पनि रहँदैन । त्यसैगरी गर्भनिरोधक चक्की, गर्भनिरोधक खोप पनि प्रयोग गरेर सुरक्षित यौन सम्बन्ध बनाउन सकिन्छ । महिलाको लागि इम्प्लान्ट, कपर टी र पुरुषको लागि स्थायी बन्ध्याकरण जस्ता विकल्प छन्, जसले गर्भ रहने सम्भावना रहँदैन ।

**प्राकृतिक गर्भनिरोधक विधि**

प्राकृतिक गर्भनिरोधक विधि पनि अपनाएर यौन सुख लिन सकिन्छ । यो विधि मासिकस्रावको चक्रलाई आधार बनाएर अपनाउनुपर्ने हुन्छ ।

चक्की वा अन्य कृत्रिम विधिबाट गर्भनिरोध गर्नु स्वास्थ्यका लागि हानिकारक पनि हुनसक्छ । जबकि प्राकृतिक गर्भनिरोधक प्रभावकारी र दोषरहित हुन्छ । यसको कुनै 'साइड इफेक्ट' रहँदैन । चीनमा भएको एक सोधलाई मान्ने हो भने प्राकृतिक रुपले अपनाइएको गर्भनिरोधक ९७ देखि १०० प्रतिशतसम्म प्रभावकारी हुन्छ । यो पूर्णत: सुरक्षित विधि पनि हो । प्राकृतिक गर्भनिरोधकको प्रयोग गर्नु एकदम सजिलो हुन्छ । मासिकश्राव अघिको ओभ्युलेशन पिरियड (महिनावरी शुरु हुनुभन्दा १० औंदेखि १६ औं दिनको बीच) यौन सम्बन्ध बनाउनु हुँदैन । यस दिनबाहेक अरु कुनै पनि दिन यौन सम्बन्ध बनाउन सकिन्छ र अनिच्छित गर्भबाट बच्न सकिन्छ ।

प्राकृतिक गर्भनिरोधकले हाम्रो यौन क्षमता घटाउँदैन, बरु बढाउँछ । अर्थात् हामी यौन जीवनको भरपुर आनन्द लिन सक्छौं । यसको प्रयोगले पार्टनरलाई कुनै दु:ख पनि हुँदैन ।

केही अध्ययनलाई मान्ने हो भने गर्भनिरोधका लागि प्रयोग गरिने चक्की अत्याधिक मात्रामा प्रयोग गर्दा ब्रेस्ट क्यान्सर हुने सम्भावना रहन्छ । जबकि प्राकृतिक गर्भनिरोधकको प्रयोगले यस किसिमको कुनै खतरा हुँदैन । अर्थात् ब्रेस्ट क्यान्सरको जोखिमबाट बच्न सकिन्छ ।

गर्भनिरोधक गोलीको प्रयोग गर्ने महिलाको यौन क्षमता पनि प्रभावित हुन्छ । उनीहरुमा यौन सम्बन्धप्रति रुचि विस्तारै घट्दै जान्छ । प्राकृतिक गर्भनिरोधकमा भने यस्तो समस्या हुँदैन ।

अनिच्छित गर्भ रोकथामका लागि चक्कीको प्रयोग गरिरहँदा त्यसले शरीरमा अनेकन समस्या ल्याउँछ । टाउको दुख्ने, अनिद्रा, अरुचि जस्ता समस्या आउन सक्छन् । जबकि प्राकृतिक गर्भनिरोधक प्रयोग गर्दा त्यस्तो समस्या रहँदैन ।

प्राकृतिक गर्भनिरोधकको प्रयोग गर्दा महिलाको शरीरमा हुने हर्मोनल परिवर्तनमा कुनै समस्या हुँदैन । जबकि गर्भनिरोधक चक्कीले मासिकस्रावसमेत प्रभावित हुन्छ ।

**साहित्य**

# साँचो मित्र



✍अनन्या चौधरी
*कक्षा-९, नवोदय शिशु सदन*

आफ्नो दु:ख लुकाई
म दु:खी हुँदा हसाउँछे
जो हाँस्दा पनि
कक्षामा मलाई फसाउँछे

मैले भनेका हरेक कुराहरु
आफूभित्र सङ्कलित गर्छे
अरु कसैलाई नहोस्
केही कुरामा हास्दा हाँस्दा मर्छे

मेरा मनका कुरा
नभनिकन बुझ्छे
जिम्मेवारीहरुबाट थाक्दा
कहिले कहीं मेरो काखमा सुत्छे

# आमा



✍दीप शाह
*कक्षा-९, नवोदय शिशु सदन*

नौ नौ महिना कोखमा राखेर
जन्म दिने मेरी आमा
दु:ख हुँदा पनि मलाई
खुसी बनाउने मेरी आमा

आफू नखाई मलाई
खुवाउने मेरी आमा
दिनरात काम गरेर
मलाई खुसी पार्ने

मलाई हिँड्न सिकाउने
मलाई बोल्न सिकाउने
मलाई शिक्षा दिने
मेरी आमा

मेरो सुख र
दुखमा साथ दिने मेरी
आमा आँखा भरि आँसु
तर पनि खुसी हुने

# "पेन" आसाम च्याप्टरमा

✍होमनाथ सुबेदी

अमेरिका र आछाम एकै लाग्यो झरीभरिभिर
पेन हुँ जातले आएँ घुम्दै यो क्षेत्र-मा-धुरी ।

अन्तरसाजालमा मेरो स्थान माउसले लियो
स्क्रिन आसामको आयो पीडा प्रदीपको थियो ।

मुसाको भरमा सच्चा लेखनी म बने यहीं
पेन हुँ कसरी हेर्ने अन्तर्भाव भए त्यही ।

भूमण्डल भरै आनो पहिचान बढाउन
भाषा साहित्यको सेवा गर्ने लक्ष्य पुराउन ।

सोनितफरमा खोले अनेसास बढाउन
खोले आसामको शाखा डिसी हात मिलाउन ।

लिला, लक्ष्मी, गीता, बद्री, दिल्ली, खग र देवीको
सल्लाहकारको यौटा सभा बाँधे अचम्मको ।

हरि, तिलक, प्रदीप अध्यक्ष र उपै बनुन्
कोषाध्यक्ष त केदार महासचिव एक हुन् ।

दुर्गा, गोपाल, प्रह्लाद, रेखा, भानु र रुद्र छन्
नर-बहादुरै जस्ता सदस्य त्यसमाथि झन् ।

प्रबासीको थियो माया नेपालका सबैसंग
भारतेली छ नेपाली सुदृढ अजीबैसंग ।

नेपालका थिए काका गएका त्यस ठाउँमा
कमाउन न पाएर हराए कुन गाउँमा ।

"पेन" हुन् मनका सारा बेथा सर्वत्र बग्दछन्
हराएका कुनै छैनन् जाति उत्थान गर्दछन् ।

सहभागी बनें आज अविज्ञेय बनी त्यही
सभाको भाग खाएर अंतर्ध्यान भएँ त्यही ।

लघुकथा

# कुलतको जाल

✍हरिप्रसाद भण्डारी

आफन्तहरूको दिनदिनैको कचकच सुनेपछि उसले रक्सी नपिउने निधो गर्‍यो ।

"भोलिदेखि खाइन्न क्यारे, ले माइली अझै एउटा थप ।" लरबरिएको स्वरमा भन्यो र रित्तो गिलास उठाएर एकपटक टेबुलमा ठोक्यो ।

"यी पाजी नेताहरूले मार्क्सवाद बुझेकै छैनन्, काँग्रेसीहरू पनि वी.पी.को अपमान गर्दै हिडिरहेका छन् ........।" अस्पष्ट शब्दमा गुनगुनायो र एकैछिन रोकिएर थप्यो– "मलाई यिनले चिनेकै छैनन् । मेरा हातमा यो देशको बागडोर आउने हो भने मैले यो देशलाई स्वर्ग बनाइदिन्थेँ, तर के गर्नु अघि बढ्नै दिदैनन्, सालेहरू....।" यसो भन्दै यसो टाउको उठायो र पुन: माइलीलाई हकार्‍यो– "ऐ माइली ! अब तैले पनि टेर्न छोडिस् होइन । पख साला........।"

"के को नटेर्ने हो ?" माइली झर्की र अगाडि थपी– "ऊ के त अगाडि, आँखा पनि बन्द भइसके हैन ?" उसले झर्खरको भाव बदलेर एकपटक खितित्त हाँसी ।

उसले हातले छाम्यो, आफ्नो अगाडि भरिबोतल देखेपछि घुटुक्क थुक निल्यो र माइलीलाई धन्यवाद दिँदै गिलासमा हालेर पिउन थाल्यो ।

अर्कोदिन अबेर उठ्यो । टाउको दुखिरहेको थियो, तैपनि पछुतो मानेन । रक्सी पिउन छोडेको सम्झेपछि सन्तोषको लामो सास फेर्दै नित्यकर्ममा लाग्यो ।

बिहानैदेखि गन्हाउन सुरु गर्ने मान्छे नुहाइधुवाइ गरी घाममा बसेर रामायणको किताब पढ्न लागेको देख्दा स्वास्नी दङ्ग परी । 'के अचम्म भयो यस्तो ?' मनमनै गमी र पूर्ववत आफ्नो धन्दामा लागिरही ।

दिउस श्रीमती प्रशन्न भएको समयमा उसले श्रीमतीतिर फर्केर मायालु स्वरमा भन्यो– "सन्तु, आजदेखि मैले रक्सी खान छोडेँ क्यारे । यसो भएपछि त माया गरौली नि होइन ?"

"साँच्ची !" स्वास्नी दङ्ग परी । एकैछिन विचार गरी र भनी– "खोइ...., बाह्रमासे जड्याहाको कसरी विश्वास गर्नु र ?"

"त्यसो नभन न सन्तु, कहिलेकाहीँ त विश्वास पनि गर्नुपर्छ । साथीभाइको करबलले मात्र यति बिग्रिएको हुँ, अब त कसैका कुरा सुन्दिन र कसैका बहकाउमा पनि पर्दिन ।" उसले स्वास्नीलाई विश्वास दिलाउन सक्दो प्रयास गर्‍यो ।

"छोड्यौ भने विश्वास गरूँला नि, कुरा मात्रै गरेका भरमा कसरी पत्याऊँ खै ?"

"स्वास्नीका शब्दमा रूखोपन थियो, तैपनि ऊ फिसिक्क हाँस्यो । 'मैले छोडेँ भने दङ्ग पर्लिस् नि मोरी' मनमनै भन्दै, पुन: किताब पढ्न लाग्यो ।

सधैँ बिहानैदेखि भट्टी चहार्ने मान्छे आज दिनभरि घरैमा बसेर दुई/तीन अध्याय र ामायण पनि पढी सिध्यायो । आफ्नो बानी सुधार्न खोजेकोमा ऊ आफै प्रशन्न थियो । आखिर कोसिस गरे के हुँदैन भन्ने भावना पनि जागेको थियो मनमा । दिउस आँगनमा गुन्द्री राखेर एकनिद निदायो पनि ।

स्वास्नीले अचम्म मानेकी थिई । साच्चै लोग्नेले रक्सी खान छोडे कति जाति हुँदो हो भन्ने आशा पनि जागिरहेको थियो मनमा । उसले मनमनै कुरो खेलाई– 'कोही बिरामी परेर ओखती खोज्यो भने सदरमुकाम पुग्नुपर्छ तर रक्सी खोज्यो भने जहाँ पनि पाइन्छ । यस्तै भएर पनि भाँडिएको होला यो समाज ।'

मनमा कुरा खेलाउँदै दिउसको खाजा बनाई । खुसीले फुरुक्क परेकी थिई । लोग्ने उठ्दासाथ खाजा टकारी ।

आफूले रक्सी खान छोडेको समाचार अरूलाई सुनाउन आतुर थियो, त्यसैले खाजा खाइसकेपछि एकैछिन घुमेर आउने विचारले घरबाट हिँड्यो । ऊ सरासर तल बजारमा गयो र सधैँ आफूले रक्सी खाने गरेका भट्टीहरूमा गएर आफूले रक्सी खान छोडेको समाचार सुनायो । उसको कुरा सुनेपछि कतिपय साहुनीहरू व्यङ्ग्यात्मक हाँसो हाँसे र कतिपयले ओंठ लेप्राए । तैपनि उसले हिम्मत हारेन, मन विगारेन र एक एक भट्टी पार गर्दै अगाडि बढ्यो । जतिवटा भट्टी पार गर्थ्यो उति नै उसको मन खुसीले हल्का हुन्थ्यो ।


माइलीका भट्टीमा उसका साथीहरू जमिसकेका रहेछन् । बरबराउँदै सानेले बोलायो । उसले सुनेको नसुन्यै गरी अगाडि बढ्दै थियो, माइलीले के कुरा सुनाई कुन्नि जगते स्वाट्ट उठ्यो र उसका नजिक आएर बेस्सरी समाई उसलाई भट्टीसम्म पुर्‍यायो । ऊ त्यहाँबाट भाग्न खोज्दै थियो तर साथीहरूले उठ्न दिएनन् ।

"तँ आफू नखाए पनि तैले रक्सी खान छोडेको खुसीयालीमा हामीलाई त खुवा ।" पाखुरामा समाएर झट्कार्दै सानेले भन्यो । सानेको कुरालाई जगते र घनश्यामले पनि समर्थन गरे । केही बेर वादविवाद चल्यो । त्यहाँको पूरा माहोल उसको विपक्षमा थियो । उसले निकै प्रयास गर्दा पनि फुत्कन नसकेपछि बाध्य भएर माइलीलाई दुई बोतल भर्न आदेश दियो ।

टेवुलमाथि रक्सी आएपछि लामो छलफल भयो । बधाइ र धन्यबादका आदान प्रदान भए । अन्तमा रक्सी खान छोडेको खुशीयालीमा एक पेग खानका लागि उसलाई पनि आग्रह गरियो । उसले मान्दै मानेन, सक्दो प्रतिकार गर्‍यो, तर सकेन ।

अन्तमा उसले साथीहरूको आग्रहलाई लत्याउन सकेन । रक्सी खान छोडेको उपलक्ष्यमा खुसी मनाउँदै एकै सासमा एक गिलास रक्सी घुटुक्क निल्यो अनि गिलास भुईमा राख्दै लामो सास फेर्‍यो ।

उता श्रीमान्ले रक्सी खान छोडेको खुसीयालीमा श्रीमतीले घरमा मीठा मीठा परिकार बनाएर उसको आगमनलाई पर्खेर बसिरहेकी थिइन् ।



दिपशना थापा
कक्षा: १०
जी.एस. निकेतन मा.वि. हेटौंडा

# हरदिन धुवाँ-धुलो झेल्दै काठमाडौं छिर्छन् ९ हजार नेपाली



काठमाडौं/तपाईं नागढुंगा हुँदै आउनुहोस् या दक्षिणकाली हुँदै, धुलिखेल हुँदै आउनुहोस् या बालाजु हुँदै- राजधानी तपाईंलाई स्वागत गर्न नाकामा धुवाँ-धुलो लिएर हाजिर छ । विकासको यस्तो दुर्गति, जसले हरेक दिन नागरिकहरूको अपमान मात्रै गर्छ । कलैयाबाट हेटौंडा हुँदै सुमोमा काठमाडौं आएकी २३ वर्षीया प्रीति चौधरीको पीडा सुनौं । उनी यतिखेर बल्खु ओर्लेर लामो सास तानिरहेकी छन् ।

प्रीति सुनाउँछिन्, 'कसो मरिएन, एउटा लडाइँ जितेर आएको जस्तो भयो । म नौमा पढ्दा यो बाटोको हालत जस्तो थियो, अहिले पनि त्यस्तै छ ।' घुमाउरो बाटो, सवारी जाम र धुलो-मैलोसँग जुधेर आउँदा चौधरीले जे प्रताडना पाइन्, यस्तो प्राय: सबैले भोग्नुपर्छ ।

प्रीतिको जस्तै आक्रोश पोख्नेमा कुलेखानी-दक्षिणकाली हुँदै काठमाडौं आउनेहरू मात्रै छैनन् । काठमाडौं उपत्यका छिर्ने सबैभन्दा धेरै सवारी चाप भएको नागढुंगा नाकाबाट प्रवेश गर्नेहरूको पनि कथा उही हो ।

नाकाको दुरवस्था भोग्दै मोटरसाइकलमा काठमाडौं छिरेका टाँडीका अर्जुन पौडेल अझै आक्रोश पोखिरहेका छन् । 'मैले थाहा पाएदेखिकै समस्या हो, झन् पछिल्लो दुई वर्षमा यो नागढुंगादेखि तलको ओरालो बाटो त हिंड्न नहुने भएको छ' पौडेल भन्छन्, 'यहाँ मोटर साइकल चलाउनेहरूले त ज्यानको बाजी थापेर आउनुपर्छ । ठूला बसहरूले एक त पेलेर चलाउँछन्, अर्को यहाँको बाटो, खाल्डाखुल्डी धुलो-धुवाँ के के चाहिं भन्ने ?'

नागढुंगामै भेटिएका कुखुरा बोक्ने सवारी चालक दिलकुमार तामाङ सुनाउँछन्, 'बर्खाभरि पहिरोको तनाव । हिउँदमा धुलोले चलाउनै सकिन्न, धुलोले गर्दा गाडी कुन दिन खाल्डोमा जान्छ भन्न सकिंदैन ।'

मुग्लिन हुँदै आउने सवारी साधनमा अधिकांश यात्रुहरू लामो यात्रा गरेर आएका हुन्छन् । लामो दूरीको यात्रुहरूलाई काठमाडौं छिर्दा लाग्ने मुख्य समस्या बाटो हो, त्यसपछि होटलको ।

कैलालीबाट नाइट बस चढेर आएका नरेन्द्रबहादुर विष्ट भन्छन्, 'घरबाट हिंडेदेखि बसपार्क नओर्लंदासम्म फोन आएको आएकै गर्छ । घरमा मान्छे काठमाडौं नपुगेसम्म ढुक्क हुन सक्ने अवस्था छैन ।'

उनले बाटोकै कारण बसमा भएका मान्छे काठमाडौं ओर्लेपछि एक दिन रेष्ट गरेर सिटामोल खाएर बस्नुपर्ने सुनाउँछन् । 'बाटो र होटल सुधार हुनुपर्छ, होटलहरूले यस्तो खराब खाना खुवाउँछन् । हाइवेमा त जथाभावी छ ।'

दुई महिना अगाडि विद्युतीय गाडी किने पनि पहिलो पटक काठमाडौं लिएर आएका वीरगञ्जका विनोदप्रकाश गुप्ताले बाटोले धोका दिएको बताए । 'पहिलो तलतिर बाटो खराब थियो, त्यता ठिक भएछ अहिले नागढुंगा क्षेत्रमा बाटोको कारण तनाव नै हुने स्थिति छ' गुप्ता भन्छन्, 'सुधार नै नभएको त होइन तर साना सवारी साधनको लागि भने यात्रुमैत्री बाटो भएन ।'

गुप्ताले धुलोको कारणले कतिपय अवस्थामा गाडी नै रोकेर बस्नुपरेको सुनाए । अगाडि ठूलो बस आएपछि केही नदेखिएपछि इमर्जेन्सी लाइट बालेर रोकिबस्नु परेको उनको अनुभव छ । काठमाडौं उपत्यका छिर्ने भक्तपुर जगातीको नाका हुँदै आउने यात्रु र सवारी चालकको पनि गुनासो उस्तै छ ।

१२ वर्षदेखि सवारी चलाइरहेका राजु लामा सरकारको अक्षमताले गर्दा सधैं सास्ती बेहोर्नु परेको बताउँछन् । 'जाबो एउटा सडक पनि गतिलो बनाउन सक्दैन, यात्रुहरूलाई धुलो खुवाउँदै काठमाडौं ल्याउनुपर्छ । उल्टै हामीलाई कति गाली आउँछ । बाटोले गर्दा नै महिनामा ५-१० हजार अरू खर्च हुन्छ । यता नि हेर्नुपर्ने हो', लामाले भने ।

बीपी राजमार्ग हुँदै काठमाडौं आउनुपर्ने यात्रुलाई अरनिको राजमार्ग लाग्न थालेपछि पीर पर्ने गरेको सुवास गौतम बताउँछन् । 'धुलिखेलबाट भक्तपुर तर्फ छिर्न थालेपछि धुलोले सातो उड्छ । यता फेरि गाडी पनि धेरै छन्, बाटो पनि धुलैधुलो । अगाडि ठूलो गाडी पर्‍यो भने त काठमाडौं पुग्दा आफ्नै अनुहार चिनिंदैन', उनी भन्छन् ।

यस्तै मुड्खुभञ्ज्याङ हुँदै आउने यात्रुले पनि कष्टकर यात्रा पार गर्दै काठमाडौं ओर्लिनुपर्छ । उपत्यका ट्राफिक प्रहरी कार्यालय, काठमाडौंका अनुसार मुख्य ४ वटा नाका नागढुंगा, भक्तपुरको जगाते, मुड्खु-बालाजु वाइपास र फर्पिङ हुँदै उपत्यकामा आवतजावत गर्ने गर्छन् । यस बाहेक अन्य ८ वटा भन्दा बढी साना नाकाहरू छन् । ट्राफिक प्रहरी प्रवक्ता वरिष्ठ प्रहरी उपरीक्षक राजेन्द्र भट्टका अनुसार सामान्य समयमा दैनिक ९ हजार भन्दा धेरै यात्रु ओहोरदोहोर गर्ने गर्छन् ।

'नाका नै धेरै छन् अहिले, साना-ठूला नाका गरी आउने यात्रुहरूले बाटोको कारण सास्ती पाइरहेको कुरा त सबैलाई थाहा नै छ', एसएसपी भट्टले भने । उनले सवारी बाटो राम्रो नहुँदा सवारी दुर्घटना बढ्ने, जाम हुने कारणले ट्राफिक प्रहरीलाई समेत समस्या भइरहेको सुनाए ।

'सडक मर्मत नहुँदा हुने धुलोको कारणले ट्राफिकहरूमा पनि स्वास्थ्य समस्या भइरहेको छ । ट्राफिक प्रहरीहरूमा नाक, घाँटी र आँखामा धुलोको कारण समस्या हुँदै आएको छ । केहीलाई श्वास-प्रश्वासको समस्या पनि देखा परेको छ', भट्टले भने ।

उनले धुलोको कारण मोटरसाइकल लगायत खुला सवारी यात्रा गर्नेलाई धेरै समस्या भएको बताए । सवारी चालक र सवारी साधनको स्थिति समेत सडकको कारणले धेरै बिग्रने ट्राफिक प्रहरीको बुझाइ छ ।

धुनिबेसी ९ नम्बर वडामा रहेको प्राथमिक स्वास्थ्य केन्द्रकी अहेव सरिता अर्याल पनि धुलोको कारण यात्रुहरूमा स्वास्थ्य समस्या देखिएको बताउँछिन् । 'केही यात्रुहरू आँखामा धुलो छिरेर देख्नै नसकेको भन्दै आइड्रप लिन छिर्छन् । अधिकांश सेवाग्राही यात्रुहरू मास्क, रुघाखोकीको औषधि, आइड्रप र वान्ता नआउने औषधि लिन आउँछन्', अर्यालले भनिन् ।

उपत्यका भित्रिने-बाहिरिने यात्रुहरूले भोग्नु परेको समस्याबारे भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वाला सडक मर्मत, विस्तार गर्दा समस्या भएको बताउँछन् । अधिकांश नाकाको बाटोमा मर्मत गरिरहेको भन्दै मन्त्री ज्वालाले निर्माण व्यवसायीले समयमा काम नगर्दा पनि समस्या भएको बताए ।

'सुविधाको लागि काम गर्दा केही समय असुविधा त हुन्छ नै । काम भइन्जेल त केही न केही असुविधा हुन्छ । भएपछि फेरि अहिले भन्दा धेरै सुविधा हुन्छ नि', ज्वालाले भने ।

उनले नारायणगढ-मुग्लिनको सडक बनाउन केही समय लागेको भन्दै थानकोट-नागढुंगाको मर्मत र विस्तार भने ठेकेदारको कारण केही ढिला भएको बताए ।

'कतिपय ठाउँमा निर्माण व्यवसायीले काम नगर्दा समस्या भएको छ । केही स्थान समस्याग्रस्त छन् । ठेकेदार पक्षले समयमा काम सम्पन्न नगर्ने । भत्काएर छोडिदिने काम पनि नगर्ने परिपाटी रहेको छ । यसमा हामीलाई कानुनी समस्या पनि छ । अर्को ठेक्का पनि गर्न नसक्ने, काम पनि नहुने त्यस्तो समस्या भएको हो', उनले भने ।

यात्रु र सवारीले धुलो सहितको यात्रा गर्नुपर्ने कारण बारे उनी भन्छन्, 'अहिले एक लेन काम भइरहँदा अर्को लेनमा पनि काम सुरु भएको छ । अहिले धेरै ठाउँमा त्यसरी काम भइरहेको छ । त्यो एउटा बाध्यता रहेको छ । अहिले गाडी पनि चलिरहने र काम पनि भइरहेको हुँदा त्यस्तो समस्या भइरहेको हो ।'

मन्त्री ज्वालाले जनतालाई धेरै समस्या भएको ठाउँमा कि ठेक्का तोड्ने, कि काम सम्पन्न गर्न लगाउने गरी सरकारले तयारी गरिरहेको भन्दै जनताको सुविधालाई ध्यान दिएर काम गर्न खोजेको दाबी गरे ।

सडक विभागका प्रवक्ता रामहरि पोखरेलले अरनिको राजमार्ग अन्तर्गतका काम समयमा नभएको स्वीकार्दै काम भइरहे पनि सम्पन्न हुन नसकेको बताए । 'अहिले काम भइरहेकै छ । तर समयमा काम नहुँदा समस्या भएको हो । यसमा कानुनी जटिलता, सरकारले निर्माण व्यवसायीलाई दिन नसकेको भुक्तानी लगायत विषय जोडिन्छ', पोखरेलले भने ।

उपत्यका छिर्ने नाका सडकहरूको समस्याबारे बोल्दै पोखरेलले भने 'कान्ति लोकपथ सधैंको समस्या हो । यहाँ केही स्थानमा निरन्तर पहिरो गइरहने भौगोलिक बनावट छ, त्यसले गर्दा पनि समस्या भएको हो ।' पोखरेलका अनुसार विभागले कान्ति लोकपथमा निरन्तर मर्मतको काम गरिरहे पनि भूगोलको कारणले यात्रुले दु:ख पाइरहेका हुन् । काठमाडौं-मुग्लिन सडकको थानकोट-नागढुंगा सडक खण्डमा सुरुङ मार्ग सञ्चालन नभइन्जेल यात्रुले दु:ख पाउने भए पनि त्यसपछि कुनै दु:ख नहुने बताए ।

पोखरेलले भने, 'सुरुङ मार्ग मात्रै नभएर अन्य सडकमा मर्मतसम्भारको काम विभागले गरिरहेको छ । हामीले अहिले ठेकेदार मार्फत बढी धुलो उड्ने क्षेत्रमा दिनको तीन पटक सडकमा पानी हाल्ने गरिएको छ ।'

बागमती प्रदेशको राजधानी हेटौंडा-काठमाडौं जोड्ने सडकमार्ग विषयमा सडक विभागले प्रदेश सरकारले हेर्ने भन्दै पन्छिएको छ । यता प्रदेश सरकार पनि आफैं अलमलमा रहेको छ । प्रदेश अन्तर्गतको सार्वजनिक सवारी र यातायात क्षेत्रको प्रशासनिक काम प्रदेशको यातायात मन्त्रालयले हेर्दै आएको छ ।

भौतिक निर्माण, सडकको काम भौतिक पूर्वाधार मन्त्रालयले हेरिरहेको छ । बागमती प्रदेश सभाको बैठकमा समेत नियमित जसो हेटौंडा काठमाडौं जोड्ने सडकको विषयमा चर्चा हुन्छ तर मर्मत भने पूर्ण रूपमा हुन नसकेको प्रदेश सांसदहरू बताउँछन् ।

बागमती प्रदेशको भौतिक पूर्वाधार मन्त्रालयले मर्मतको काम नियमित गरिरहेको भन्दै मन्त्रीस्तर बाट समेत छड्के अनुगमन र जाँच भइरहेको जनाएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# फिल्मबाट ५ वर्ष किन टाढिएकी थिइन् करिश्मा ?

काठमाडौं/करिश्मा श्रेष्ठ आफ्नो अभिनयले भन्दा प्रेम र ब्रेकअपका कारण 'लाइमलाइट'मा रहेकी अभिनेत्री हुन् । अभिनेता सलोन बस्नेतसँग उनको प्रेम र ब्रेकअप कुनै बेला सुपरहिट थियो । तर, दुवैले अभिनय गरेका तीन फिल्म भने व्यावसायिक रुपमा सफल भएनन् । फिल्म 'बाबु कान्छा' रिलिजपछि उनको सलोनसँग ब्रेकअप भयो । यसपछि उनको फिल्मसँग पनि ब्रेकअपजस्तै देखिएको थियो ।

५ वर्ष गुमनामझैं देखिएकी उनी अहिले एकाएक चर्चामा छिन् । त्यसको कारण प्रेम सम्बन्ध नभइ, फिल्म हो । उनले 'मायावी'बाट पुनरागमन गरेकी छन् । एक हप्ताअघि उनले पोखरमा यो फिल्मको छायांकन भ्याइसकेकी छन् । यसलगत्तै उनी नयाँ फिल्ममा आबद्ध भएकी छन् । उनको अभिनय रहने फिल्म '११:५५'को बिहीबार राजधानीमा एक कार्यक्रमका बीच निर्माण घोषणा गरियो ।



सलोनसँग ब्रेकअपछि उनले फिल्म पाउन छाडेको चर्चा चलेको थियो । तर, उनी यसलाई ठाडै नकार्छिन् । अझ राम्रो तयारी गर्न र अध्ययनले गर्दा पनि केही समय फिल्म गर्न नपाएको उनी बताउँछिन् । आफूले राम्रो कथावस्तु कुरेर बसेकाले पनि कमब्याकका लागि ढिलाई भएको उनको जिकिर छ । तर, सलोनसँग टाढिएकै कारणले फिल्म नपाएको भन्ने कुरा मान्न भने उनी तयार छैनन् ।

'११:५५'को घोषणामा पत्रकारसँगको कुराकानीमा उनले भनेकी छन्, 'सलोनजीसँग टाढिएपछि म हराए भन्ने धेरैलाई लागेको होला । तर, त्यस्तो केही पनि हैन ।

त्यो कुराले मलाई असर गरेको छैन ।' उनले सलोन पिता बन्न लागेको खबरले आफू खुसी रहेको पनि बताएकी छन् । उनले बधाई समेत दिएकी छन् । सलोनसँग उनले 'एउटा साथी', 'लभ सब' र 'बाबु कान्छा'मा काम गरेकी थिइन् ।

# ऋतिकको 'फाइटर' टिजरमा एरियल एक्सन

एजेन्सी, मुम्बई/'पठान' फेम्ड निर्देशक सिद्धार्थ आनन्दद्वारा निर्देशित नयाँ फिल्म 'फाइटर'को टिजर सार्वजनिक गरिएको छ । १ मिनेट १३ सेकेण्ड लम्बाईको टिजरमा फाइटर जेट्सको एरियल एक्सन देखाइएको छ । टिजरमा समावेश हरेक एक दृश्यले रोमाञ्चक बनाउँछन् । ब्याकग्राउन्ड स्कोर सशक्त छ । टिजरमा कुनै कलाकारको संवाद भने राखिएको छैन । यो फिल्म २५० करोड भारुमा बनेको हो ।



फिल्ममा ऋतिक रोशन, अनिल कपूर र दीपिका पादुकोण केन्द्रिय भूमिकामा छन् । टिजरमा पनि उनीहरु नै प्रस्तुत छन् । ऋतिक र दीपिका स्क्वाड्रन लीडर बनेका छन् भने अनिल ग्रुप क्याप्टेन शमशेर पठानियाको भूमिकामा छन् । भारतको स्वतन्त्रता दिवसको अवसर पारेर २०२४ को २५ जनवरीदेखि फिल्म प्रदर्शनमा आउँदैछ । टिजरले नै दर्शकमा फिल्मको पखाई अधैर्य बनाउन सक्छ ।

फिल्मको कथा फाइटर जेट्सको वरिपरि घुम्छ । निर्देशक आनन्दले 'वार'को बेलामा यो विषयमा फिल्म बनाउनेबारे सोचेका थिए । 'फाइटर'लाई भारतको पहिलो एरियल एक्सन फिल्म भनिएको छ । यसको अरु श्रृंखला पनि निर्माण गरिँदैछ । करण सिंह ग्रोवर, अक्षय ओबेरायको पनि महत्त्वपूर्ण भूमिका रहेको यो फिल्मले भारतीय बक्स अफिसमा आक्रामक कमाई गर्ने प्रक्षेपण गरिएको छ ।

# फिल्म निर्देशनको तयारीमा गोपाल नेपाल 'फिस्टे'

काठमाडौं/कुनै बेला 'जीरे खुर्सानी' हास्य सिरियलमा ट्राफिक हवल्दार बनेर 'नियम कडा छ' भन्दै बोल्ने संवादकै कारण चर्चित बनेका गोपाल नेपाल 'फिस्टे'ले विगत एक दशकदेखि अमेरिकालाई कर्मथलो बनाएका छन् । सिरियलमा गाडी रोकेर चेकजाँच गर्ने प्रहरी बनेका उनी अमेरिकामा भने गाडीको चालक बनेका छन् । होका कदका उनी ७/८ वर्षदेखि १८ चक्के मालवाहक गाडी चलाउने गर्छन् ।

अमेरिका बस्न थालेपछि कलाकारितालाई निरन्तरता दिन नसकेका गोपाल अब फिल्म बनाउने सुरसारमा छन् । उनी आगामी वर्ष फिल्म बनाउने योजनामा थिए । तर, ज्योतिषले २०८१ साल फिल्म निर्माण गर्न शुभ नभएको बताएपछि उनी २०८२ सालमा पुगेका छन् । नेपालले एक अन्तर्वार्तामा भनेका छन्, 'ज्योतिषको सल्लाहमा २०८२ सालमा फिल्म बनाउँदैछौं । निर्देशन आफैंले गर्नेछु ।'

गोपालसँग 'संगालो' सिरियल निर्देशनको अनुभव छ । फिल्म निर्देशनमा भने उनले डेब्यू गर्न लागेका हुन् । नेपाली माटो सुहाउँदो फिल्म बनाउने उनको योजना छ । त्यसका लागि उनी आगामी वर्ष पारिवारिक घुमघामका साथै कथा तयार गर्नका लागि नेपाल आउँदैछन् । उनी भन्छन्, 'म नेपाल नगएको धेरै भैसक्यो । यसैले नेपाल गएर कस्तो विषय उठान गर्दा राम्रो हुन्छ भनेर बुझ्ने छु ।'

उनले अभिनयमा सक्रिय रहँदा 'धन सम्पत्ति', 'भुतुक्कै भए नि', 'आँखा लोभी मन पापी', 'सावधान' लगायत एक दर्जन बढी फिल्ममा पनि काम गरेका छन् । उनको अभिनय यात्रा काका जितु नेपालको साथमा 'ट्वाक्क टुक्क' नामक हास्य सिरियलबाट सुरु भएको थियो । उनी भविष्यमा नेपाल फर्किएर अभिनयमा सक्रिय हुने सोचमा रहेका छन् । अहिले उनको स-परिवार अमेरिकामा नै छन् ।

# अर्को वर्षको जेठ १८ मा दयाहाङको 'गाउँ आएको बाटो'

काठमाडौं/नबीन सुब्बाले ६ वर्षपछि निर्देशनमा कमब्याक गरेको फिल्म 'गाउँ आएको बाटो'को प्रदर्शन मिति घोषणा गरिएको छ । शुक्रबार एक पोस्टरमार्फत् अर्को वर्षको जेठ १८ गतेलाई फिल्मको प्रदर्शन मिति घोषणा गरिएको हो । पोस्टरमा अभिनेता दयाहाङ राई र बाल कलाकार प्रशान राई फिचरिङ छन् । एक गाडीको दृश्य समेत समेटिएको पोस्टरले बाबु-छोराको सम्बन्धलाई दर्शाएको छ ।

भोजपुरको ग्रामिण क्षेत्रमा छायांकन भएको फिल्ममा दयाहाङको श्रीमतीको भूमिकामा अभिनेत्री पशुपति राई छिन् । खानुमा राई, केशव राई, प्रमिशा राई, प्रेम सुब्बा लगायतको पनि फिल्ममा मुख्य भूमिका छ ।

अमेरिकी छायाँकार मार्किन कापरोनले फिल्मको छायांकन गरेका हुन् । भोजपुरको गाउँमा सडक र गाडी पुगेपछिको एउटा परिवारको कथामा आधारित भएर फिल्म बनेको छ ।

महेश राई र निर्देशक सुब्बाको स्क्रिप्ट लेखन रहेको फिल्मको निर्मातामा अमोद राई र निर्देशक सुब्बा छन् भने सञ्जु राई, देवराज राई, नरहाङ राई र भीम राई कार्यकारी निर्मातामा रहेका छन् ।

# मुस्ताङबाट ४९ करोडको स्याउ निकासी

म्याग्दी/मुस्ताङबाट यस वर्ष रु ४९ करोडभन्दा बढी मूल्यको स्याउ निकासी भएको छ । स्याउ मुस्ताङबाट निकासी हुने प्रमुख कृषि उपज हो । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको मुस्ताङस्थित स्याउ जोन कार्यालयले यस वर्ष उत्पादन भएको ९० प्रतिशत स्याउ बजारमा निकासी भइसकेको जनाएको छ ।

स्याउ जोन मुस्ताङका प्रमुख नेत्रप्रसाद भट्टले जिल्लाभर चार हजार नौ सय ७५ मेट्रिक टन स्याउ उत्पादन भएको मध्ये चार हजार चार सय ७७ दशमलव पाँच मेट्रिक टन स्याउ देशका विभिन्न ठाउँमा निकासी भएको बताए ।

'मुस्ताङमा फलेको मध्ये ९० प्रतिशत स्याउ बजारमा निकासी भइसकेको छ', उनले भने, 'करिब पाँच सय मेट्रिक टन स्याउ बेमौसममा बिक्री गर्न चिस्यान गृहमा राखिएको छ ।' कृषकले बिक्री गरेको सरदर प्रतिकिलो रु एक सय १० का दरले हिसाब गर्दा रु ४९ करोड २५ लाख २५ हजार मूल्य बराबरको स्याउ निकासी भएको स्याउ जोन कार्यालयले जनाएको छ ।

म्याग्दी, बागलुङ, पोखरा, चितवन, बुटवल, काठमाडौंलगायत सहरका व्यापारीले बगैंचामा नपाक्दै अग्रिम पैसा दिएर ठेक्कामा स्याउ खरिद गर्दछन् । मुस्ताङ घुम्न आउने पर्यटकले पनि कोसेलीका रुपमा स्याउ किनेर लैजाने गर्छन् ।

धादिङबाट स्याउ खरिद गर्न मुस्ताङ पुगेका व्यापारी शिवाङ तामाङले बेनी, बागलुङ र पोखराका बजारमा मुस्ताङको स्याउको माग उच्च हुने गरेको बताए । पातलो फले पनि दाना ठूला र स्वादिष्ट रहेको उनले बताए । बिक्री नहुने साना दाना भएका स्याउ मदिरा र सुकुटी बनाउन प्रयोग हुन्छन् । मुस्ताङमा रेडडेलिसियस, रोयल डेलिसियस, रिचारेड डेलिसियस र गोल्डेन डेलिसियस जातका स्याउ खेती गरिएको छ ।

मुस्ताङको एक हजार चार सय ७५ हेक्टर क्षेत्रफलमा स्याउ खेती भएकामा पाँच सय ८० हेक्टर क्षेत्रफलमा लगाइएका स्याउका बोटले उत्पादन दिने गरेको छ । करिब ३८ हेक्टर क्षेत्रफल जमिनमा इटलीबाट ल्याइएको उच्च घनत्वको स्याउ खेती गरिएको छ ।

गत वर्ष मुस्ताङमा छ हजार छ सय मेट्रिक टन स्याउ उत्पादन भएकामा यसपालि २४ दशमलव ५८ प्रतिशतले उत्पादन घटेको कृषि ज्ञान केन्द्र मुस्ताङका प्रमुख प्रकाश बस्ताकोटीले बताए ।

'फूल खेलेर परागसेचन हुने समयमा धेरै वर्षा हुँदा फूलबाट स्याउको दाना कम लागेकाले उत्पादन घटेको हो', उनले भने, 'स्याउको फूल फुल्ने समय वैशाख-जेठ महिनामा वर्षाले स्याउ बोटमा परागसेचन (पोलिनेसन)हुन नपाउँदा उत्पादनमा असर परेको हो ।' केन्द्रले मुस्ताङका पाँचवटै स्थानीय तहका स्याउ बगैंचामा क्रम कटिङ विधिबाट उत्पादकत्वको विवरण संकलन गरेर तथ्याङ्क बनाएको जनाएको छ ।

थासाङ गाउँपालिकाको कूल एक सय आठ हेक्टरमा पाँच सय ५१ दशमलव ८८ मेट्रिक टन, घरपझोङ गाउँपालिकाको दुई सय ८२ हेक्टर क्षेत्रफलमा दुई हजार चार सय दुई दशमलव ६४ मेट्रिक टन, वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको एक सय ८३ हेक्टर क्षेत्रफलमा एक हजार नौ सय २३ दशमलव ३३ मेट्रिक टन, लोघेकर दामोदरकुण्ड गाउँपालिकाको १२ हेक्टरमा ९५ मेट्रिक टन र लोमान्थाङ गाउँपालिकाको शून्य दशमलव २५ हेक्टर क्षेत्रफलमा एक दशमलब ९९ मेट्रिक टन स्याउ उत्पादन भएको छ ।

गतवर्ष रु पाँच करोड मूल्यको स्याउ बिक्री गरेका घरपझोङ गाउँपालिका-२ स्याङका किसान कर्म गुरुङले यस वर्ष रु तीन करोडको मात्र स्याउ बिक्री भएको बताए ।उनको बगैंचामा एक हजार पाँच सय बोट स्याउले उत्पादन दिन्छ । स्याउ टिपेर बजार पठाएपछि मुस्ताङका किसान बगैंचामा व्यवस्थापनमा जुटेका छन् । सडक यातायातको सुविधा सँगै सहज बजार र राम्रो मूल्य पाउन थालेपछि मुस्ताङका किसान स्याउ खेतीमा आकर्षित भएका छन् । कृषि ज्ञान केन्द्र कार्यालयका अनुसार गत वर्षसम्म कूल एक हजार चार सय ७५ हेक्टर जमिनमा स्याउ खेती गरिएको थियो ।

# बेलायत रोजगारीमा जान ४५ नर्स छनोट

काठमाडौं/बेलायतमा रोजगारीका लागि ४५ जना नेपाली नर्स छनोट भएका छन् । ६० जना नर्स अन्तर्वार्तामा सहभागी भए पनि ४५ जना मात्र छनोट हुन सफल भएका हुन् ।

हाललाई प्रयोगका रुपमा नेपालबाट १०० जना नर्सलाई पठाउने गरी बेलायत सरकारसँग सन् २०२२ को अगस्टमा समझदारी भएको थियो । सोही समझदारी अनुसार बेलायत जान चाहने नर्सहरूका लागि सरकारले गत जुलाई २० मा सूचना जारी गरी आवेदन माग गरेको थियो । जसमा ७७१ जनाले फारम भरे पनि अधिकांशले आवश्यक सबै कागजपत्र पेश नगरेको पाइएको वैदेशिक रोजगार विभागले जनाएको छ ।

आवश्यक कागजात पेश गरेका ७८ जनाको आवेदन स्वीकृत भएकामा योग्यता, क्षमता र अनुभवको मूल्यांकन गरेर अन्तर्वार्ताका लागि ७१ जनाको प्रारम्भिक सूची सार्वजनिक गरिएको थियो । जसमध्ये ६० जना अन्तर्वार्तामा सहभागी भएका थिए । उनीहरूको नेपालस्थित बेलायती दूतावासमा अन्तर्वार्ता लिइएको थियो ।

आवेदन दिँदा कम्तीमा दुई वर्षको अनुभव, अंग्रेजी भाषा परीक्षा पास गरेको प्रमाणपत्र पेस गर्नुपर्छ । तर, अधिकांश नर्सलाई भाषाको मापदण्ड पूरा गर्न समस्या परेको देखिएको विभागका अधिकारीहरु बताउँछन् । 'आवेदन दिएकामध्ये बेलायतले खोजेको मापदण्ड अनुसारका गुणस्तरका नर्स भेटिएनन् । पुराना नर्समा भाषाको समस्या र नयाँ नर्समा कार्यानुभवको समस्याले मागेको जति आवेदन संख्या पनि पुगेन', विभागका निर्देशक गोपालराज तिमल्सिनाले भने ।

नेपाल र बेलायतबीच भएको समझदारी अनुसार आवेदन दिन कम्तीमा ३ वर्षको नर्सिङ कोर्स पीसीएल नर्सिङ वा बीएन सरहको शैक्षिक योग्यता हासिल गरेको हुनुपर्छ । दुई वर्षको कार्य अनुभव (वर्किङ एक्सपिरियन्स) पनि अनिवार्य रूपमा पेश गर्नुपर्छ ।

नर्सहरूले इन्टरनेशनल इङ्लिस ल्याङ्ग्वेज टेस्टिङ सिस्टम (आईईएलटीएस) मा कम्तीमा ७ अंक ल्याउनुपर्छ । लेख्ने, बोल्ने, सुन्ने र पढ्ने चारवटा मापदण्डमा अंक दिइने आईईएलटीएसमा लेख्नेबाहेक सबैमा ७ अंक ल्याउनुपर्छ । बेलायत स्थित ह्याम्पसायर हस्पिटल एनएचएस फाउण्डेशन ट्रष्टका नर्सहरूले नेपाली नर्सको अन्तर्वार्ता लिएका थिए ।

सफल नर्सहरूलाई छिट्टै उनीहरूको छनोटको बारेमा सूचित गरिने विभागले जनाएको छ । सन् २०२४ को पहिलो त्रैमासदेखि छनोट भएका नर्स बेलायत जान थाल्नेछन् ।

*(स्रोत: अनलाइनखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।


Printer Shop

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*





**पशुपतिनाथमा सडक नाटक** : मनहरी गाउँपालिका-४ मसिनेस्थित पशुपतिनाथ माविमा अनौपचारिक क्षेत्र सेवाकेन्द्र इन्सेक र बालअधिकार चेतना समूहको संयुक्त आयोजनामा बालबिवाहसम्बन्धी सचेतनामूलक सडक नाटक प्रदर्शन गरिएको छ । *तस्बिर: साझाकुरा*



**ज्ञानोदयमा पुस्तक प्रदर्शनी**: हेटौंडा-५ पिप्लेस्थित ज्ञानोदय बालवाटिका आवासीय माविमा किताबघरले शुक्रबार पुस्तक प्रदर्शनी गरेको छ । बालबालिकामा पठन संस्कृतिको विकास गराउन यो प्रदर्शनी गरिएको हो । आफूलाई मनपर्ने पुस्तक अध्ययन गर्न पाएपछि रमाउँदै बालबालिकाहरु । *तस्बिर: साझाकुरा*

# भारतीय दूतावासबाटै अनुदान बाँड्न थप सुविधा

काठमाडौं, २२ मंसिर/ सरकारले काठमाडौंस्थित भारतीय दूतावासले बाँड्ने अनुदानको रकम बढाएर हाई इम्प्याक्ट कम्युनिटी डेभलपमेन्ट कार्यक्रम (एचआईसीडीपी) स्वीकृत गरेको छ ।

मन्त्रिपरिषद्को बिहीबार बसेको बैठकले अर्थ मन्त्रालयको प्रस्तावमा यो कार्यक्रम स्वीकृत गरेको हो, जसअनुसार अब भारतीय दूताबासले एउटै परियोजनामा २० करोडसम्म सोझै लगानी गर्न सक्ने अधिकारीहरूले बताएका छन् ।



साना आयोजनाहरुमा सोझै लगानी गर्ने गरी भारतले २०६५ सालदेखि साना विकास परियोजना (एसडीपी) सञ्चालन गर्दै आएको छ । सुरुमा अधिकतम् ३ करोडसम्मका आयोजनाहरु दूतावास मार्फत चलाइएपनि डा. बाबुराम भट्टराई प्रधानमन्त्री हुँदा ५ करोड रुपैयाँसम्म पुऱ्याइएको थियो ।

पछिल्लो पटक १६ साउनमा मन्त्रिपरिषदले एसडीपीको अवधि थप ३ वर्ष (२० साउन २०८३) सम्म सञ्चालन गर्न स्वीकृति दिएको थियो । यो परियोजनामार्फत हुने रकम सरकारी बजेटरी प्रणालीमा आउँदैन । दूतावासले साझै परियोजनाहरुमा खर्च भएको बजेट आफैंले भुक्तानी गर्छ ।

राजनीतिक दलका नेता कार्यकर्तादेखि सरकारी कर्मचारी, स्थानीय अगुवा र सामाजिक अभियन्ताहरु यो परियोजना अन्तरगतको बजेट लिन दूतावास धाउने गरेका छन् । दूतावासले पनि पहुँचका भरमा साना-साना आयोजनाको निर्माणसहित एम्बुलेन्स र स्कुल बस खरिद गर्दै वितरण गर्न समेत कार्यक्रम प्रयोग गरिरहेको छ । सामुदायिक विद्यालय भवन, बाल विकास केन्द्र, पुस्तकालय, स्वास्थ्य केन्द्र, योग केन्द्र, रक्तसञ्चार केन्द्र, बर्थिङ सेन्टर, फोहोर व्यवस्थापन र खानेपानी आयोजना, कृषि तथा पूर्वाधार परियोजनामा सोझै लगानी गर्छ ।

२०७२ को संविधानले स्थानीय तहलाई प्रत्यक्ष अनुदान लिन रोक लगाएपछि यो आयोजना कार्यान्वयनमा अवरोध आएको थियो । सरकारले २०७५ मा आयोजनाको नयाँ कार्यान्वयन ढाँचालाई स्वीकृत गरेर कार्यान्वयन गर्ने निकायलाई आयोजनाको कार्यान्वयनलाई सहज बनाएको थियो ।

२०७६ पुसमा केपी शर्मा ओली नेतृत्वको सरकारले सरकारको ढुकुटीमा नआई दूतावासबाट नै खर्च गर्ने कार्यक्रमलाई निरन्तरता दिँदा नयाँ-नयाँ भूराजनीतिक संकट समेत ल्याउन सक्ने निष्कर्षका साथै यो कार्यक्रमको म्याद थप गरेन । मन्त्रिपरिषद्ले नै यो परियोजनाअन्तरगत प्राप्त हुने भारतीय सहयोगलाई संघीय सरकारको 'बजेटरी सिस्टम' भित्र ल्याउने निर्णय गरेको थियो ।

तर भारतले यो परियोजना दूतावासमार्फत नै चलाइराख्न पाउनुपर्ने भन्दै कूटनीतिक दबाब दिएको थियो । सरकारले आफ्नो अडान कायम नराख्दा यो कार्यक्रमले २०७७ सालबाट पुरानै स्वरुपमा निरन्तरता पायो ।

स्थानीय तहबाट परियोजना प्रस्तावहरूलाई अर्थ मन्त्रालयले स्वीकृत गर्नुपर्छ भने परियोजना कार्यान्वयनका लागि संघीय मामिला मन्त्रालय, भारतीय दूतावास र कार्यान्वयन गर्ने स्थानीय तहबीच त्रिपक्षीय सम्झौता हुनुपर्छ । यसअनुसार सरकारले छानेका आयोजनाहरु नै अन्तिम हुनुपर्ने हो । तर भारतीय दूतावासले आफ्ना रोजाइमा परेका आयोजनालाई सहमति नै दिने गरेको छैन । दूतावास नै अन्तिम निर्णायक भएकाले सरकारमार्फत छानिएको परियोजनाको औचित्य नै स्थापित नहुने गरेको कर्मचारीहरु बताउँछन् । उनीहरुका अनुसार परियोजना छनोट र स्वीकृतिमा अझै पनि भारतीय दूतावासको हस्तक्षेपकारी भूमिका कायम छ ।

त्यसले पूर्ण रुपमा 'बजेटरी सिस्टम'मा ल्याउनु पर्नेमा सरकारले भारतीय चहनाअनुसार बजेटको आकार बढाएको छ । विकास तथा परराष्ट्र मामिलाका विज्ञहरु दूतावासमार्फत खर्च हुने गरी चलिरहेको कार्यक्रमको आर्थिक सीमालाई थप बढाउँदा समुदायसम्म नै भारतीय प्रभाव र हस्तक्षेप पनि विस्तार हुने बताउँछन् । विदेशी दूतावासले 'सरकार सरह' आयोजनाहरु बाँड्नु कूटनीतिक मर्यादा र नेपालको प्रतिष्ठाको विपरीत भएको उनीहरुको भनाइ छ ।

पूर्वराजदूत तथा राजनीतिज्ञ टंक कार्की सोझै दूतावासबाट विकासका नाममा खर्च गर्ने प्रणालीलाई छुट र सुविधाहरु दिनै नहुने बताउँछन् । यस्ता सहायता कुन प्रयोजनका निम्ति भइरहेको छ भन्नेबारे राज्य बेखबर रहेको उनको दाबी छ । 'विकास सहायता परिचालन सरकारकै काम हो । तर उनीहरुले हाम्रो राजनीतिक दुर्बलतालाई प्रयोग गरेर सोझै यस्तो लगानी गरिरहेका छन्,' उनी भन्छन्, 'बाह्य शक्तिहरुले गरिरहने हो भने अरु नकारात्मक असरहरु पर्न सक्छन् ।'

उनका अनुसार एकैपटक नसकिए पनि यस्ता कार्यक्रमलाई क्रमश: राज्यको सूचना र प्रणालीभित्र ल्याउनुपर्छ ।

काठमाडौंस्थित भारतीय दूताबासका अनुसार २००३ देखि नेपालमा ५५० भन्दाबढी परियोजनमा लगानी गरेको छ, त्यसमध्ये ४८८ वटा पूरा भइसके । भारतको स्वतन्त्रता र गणतन्त्र दिवसको अवसरमा विभिन्न अस्पताल, स्वास्थ्य चौकी र शैक्षिक संस्थालाई ९७४ एम्बुलेन्स र २३४ वटा स्कूल बस उपहार दिइएको छ । भारतीय दूतावासका अनुसार २००३ देखि भारतले हालसम्म यस्ता परियोजनाहरुमा करिब १२ अर्बभन्दा खर्च गरिसकेको गरेको छ ।

पूर्वाधारविद सूर्यराज आचार्य दुई दशकअघि अटल बिहारी बाजपेयी भारतको प्रधानमन्त्री हुँदा नै दाताहरुबाट सोझै खर्च रोक्न आफ्नो बजेटबाट 'सरप्राइज' घोषणा गरेको स्मरण गर्छन् । आफ्नो देशबाट हटाएको प्रणालीकै स्वरुपमा नेपालमा खर्चको दायरा विस्तार गर्नु अनुचित भएको उनको भनाइ छ । 'अन्तर्राष्ट्रिय सहयोगको नाममा भारतले नेपालमा जे जसरी काम गर्दैछ, त्यसैगरी उसले आफ्नो देशमा अरुलाई काम गर्न दिन्छ त ?' उनले भने, 'सूचना प्रविधिको यो युगमा पहिलेको जस्तो यस्ता कार्यक्रमबाट माइक्रोम्यानेज गरेर प्रभाव विस्तार गर्छु भन्ने सोचले अब काम गर्दैन, उनीहरुका लागि प्रत्युत्पादक हुन पनि सक्छ ।'

सरकारी प्रणाली छलेर दिइने सहायता कार्यक्रमलाई थप सुविधा दिनुले नेपालको समग्र राज्य संयन्त्रको कार्यशैली, राष्ट्रिय सुरक्षा व्यवस्था र अन्तर्राष्ट्रिय सम्बन्धको सदुपयोगमा कमजोरीहरु रहेको देखाएको उनको टिप्पणी छ ।

एउटा सार्वभौम देशमा अर्को देशको दूतावासले मनोमानी ढंगबाट अनुदान परिचालन गर्दा राष्ट्रिय सुरक्षामा समेत जोखिम पर्न सक्ने बताउँछन् । वैदेशिक सहयोग सरकारी च्यानलबाटै आएर राष्ट्रिय आवश्यकताका आधारमा खर्च हुनुपर्ने आचार्य बताउँछन् । 'हाम्रो कमजोर नीति र प्रणालीमा उनीहरुले खेलेका हुन्,' उनी भन्छन्, 'यस्ता परियोजनामा खर्च गर्ने सीमा बढाउनु अनुपयुक्त हो । भारतले नेपालमा आफ्नो प्रभाव विस्तार गर्न यस्तो उत्ताउलो माध्यम प्रयोग गर्नुहुँदैन ।'

*(स्रोत: अनलाइनखबर)*

# किसानलाई आत्मनिर्भर बनाउन मौरीपालन तालिम

साझाकुरा संवाददाता

हेटौंडा, २२ मंसिर/ मकवानपुरको बकैया गाउँपालिकामा व्यावसायीक मौरीपालन तालिम सुरु भएको छ । गाउँपालिकाको आयोजनामा एक हप्ते व्यावसायिक मौरीपालन तालिम सुरु भएको हो ।



तालिमको उद्‌घाटन गर्दै बकैया गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेले किसानलाई आत्मनिर्भर बनाउन तालिमको आयोजना गरिएको बताए । उनले आयआर्जनसँग किसानलाई जोड्न पालिकाले मौरी पालन तालिम दिएको बताए । तालिम पश्चात व्यावसायिकरुपमै काम गर्न पालिकाले किसानलाई ५० प्रतिशत अनुदान दिने उनले जानकारी दिए । पालिकामा उत्पादन भएको मह बजारीकरण गर्न पनि सहयोग गरिने उनको भनाई छ ।

तालिममा बुद्धिनाथ तिमल्सिनाले प्रशिक्षण दिइरहेका छन् । मंसिर २१ गतेदेखि सुरु भएको तालिम २७ गतेसम्म संचालन हुनेछ । पहिलो चरणको तालिममा बकैया गाउँपालिका वडा नं ११ र १२ का ३५ बढी किसानको सहभागिता रहेको छ । गाउँपालिकाले दोश्रो चरणमा वडा नं. १ र २ मा पनि व्यावसायिक मौरीपालन तालिमको आयोजना गर्ने भएको छ ।

## १० बोरा अवैध चिनी बरामद

साझाकुरा संवाददाता

हेटौंडा, २२ मंसिर/ हेटौंडामा अवैध चिनी बरामद गरिएको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरले उपमहानगर पालिका-१५ रातोमाटेबाट १० बोरा अवैध चिनी बरामद गरेको हो ।

पूर्वपश्चिम राजमार्ग अन्तर्गत बाराबाट हेटौंडा बजारतर्फ जाँदै गरेको बागमती प्रदेश ०३-००१ ख २५४० नम्बरको बसलाई चेकजाचका क्रममा १० वटा बोरमा रहेको करिब २५० किलो अबैध चिनी बरामद गरेको हो । प्रहरीले घटनाको आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ ।

## कृषक पाठशाला कार्यक्रम समापन

साझाकुरा संवाददाता

हेटौंडा, २२ मंसिर/ मकवानपुरगढी गाउँपालिका वडा नम्बर ५ सिमलटारमा सञ्चालन भएको मकैबीउ उत्पादन कृषक पाठशालाको शुक्रबार समापन भएको छ ।

प्रगति गुणस्तरीय मकैबीउ उत्पादन कृषक पाठशालाका अध्यक्ष राधिका छत्कुलीको अध्यक्षता तथा गाउँपालिका उपाध्यक्ष मानकुमारी पाखीनको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । बीउविजन प्रयोगशाला वीउ उत्पादन आत्मनिर्भर कार्यक्रमको आयोजना तथा मकवानपुरगढी गाउँपालिकाको समन्वयमा कार्यक्रम गरिएको थियो । रामपुर कम्पोजिट बालीको जातको मकैवीउको पाठशाला गत चैत्र ७ गतेदेखि सुरु भएर शुक्रबार समापन गरिएको हो ।

पाठशाला सञ्चालनमा विशेष सहजकर्ता गाउँपालिका कृषि शाखाप्रमुख चन्द्रकान्त चौधरी, सहजकर्ता टीकाप्रसाद दाहाल, कृषि प्राविधिक कल्पना अधिकारीले पाठशाला अवधिमा सहजीकरण गरेका थिए । पाठशाला अवधिभर भएगरेका कार्यक्रमको प्रगति प्रतिवेदन मानबहादुर बस्नेतले प्रस्तुत गरेका थिए ।

कार्यक्रममा वडाअध्यक्ष दीपेश दाहाल, कृषि शाखाप्रमुख चौधरी, सहजकर्ता दाहाल, कृषि प्राविधिक अधिकारी, वीउविजन कार्यालय हेटौंडाका प्राविधिक ईच्छा घिमिरे, पाठशालाका जेष्ठ सदस्य पदमबहादुर थापालगायतको आतिथ्यता रहेको थियो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम



Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

# एनसेल प्रकरणमा शीर्ष नेताको संलग्नता रहेको सांसदहरुको आशंका

काठमाडौं, २२ मंसिर/ दूरसञ्चार सेवा प्रदायक कम्पनी एनसेल बिक्री प्रकरणमा शीर्ष नेता र उच्च प्रशासनिक नेतृत्व संलग्न रहेको सांसदहरुले आशंका गरेका छन् ।

शुक्रबार प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समितिमा समसामयिक विषयमा छलफल थियो । उक्त बैठकमा सहभागी सांसदहरुले एनसेल बिक्री प्रकरणकै विषय उठाए । उनीहरुले नेपाललाई अर्बौं रकम नोक्सान हुनेगरी एनसेलको सेयर बिक्री भएको र ६ वर्षपछि स्वत: नेपाल सरकारको स्वामित्वमा आउनुपर्र्नेमा त्यसो हुन नदिने खेल भइरहेको धारणा राखे ।

जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले राजनीतिक र प्रशासनिक नेतृत्वको मिलेमतोमै एनसेलको अहिलेको कारोबार भएको दाबी गरे । 'एनसेल प्रकरणमा राजनीतिक र प्रशासनिक नेतृत्वको कम्बाइन्ड जस्तो देखिन्छ' अध्यक्ष यादवले आशंका गरे ।

विगतमा पनि एनसेलको सेयर कारोबार हुँदा नेपाललाई तिर्नुपर्ने कर नतिरेको यादवले बताए ।

नेपाली कांग्रेसका महामन्त्री गगन थापाले ऐनसेल प्रकरणमा उच्च तहको राजनीतिक र प्रशासनिक नेतृत्वको संलग्नता रहेको दाबी गरे । 'ऐनसेलको सन्दर्भमा जो भएको छ, रातारात अहिले भएको होइन । राजनीतिक नेतृत्व, प्रशासनिक नेतृत्वको ठूलो साँठगाँठ, ठूलो भरथेग, ठूलो भरोसा नभइकन यो सबै भएको छैन', थापाले बैठकमा भने । नेकपा एकीकृत समाजवादीका उपाध्यक्ष राजेन्द्र पाण्डेले एनसेलको सेयर बिक्रीलाई नाटकको संज्ञा दिए । श्रीमान र श्रीमतीको नाममा सेयर आउने गरी भएको बिक्री र त्यसमा एक जना नेपाली र अर्को विदेशी भन्ने विषय आफैंमा नाटक जस्तो लाग्ने उनको तर्क छ ।

मलेसियाली कम्पनी आजियटाले एनसेलमा रहेको आफ्नो ८० प्रतिशत सेयर गैरआवासीय नेपाली सतीशलाल आचार्यको कम्पनी स्पेक्ट्रलाइट युकेलाई बिक्री गरेको छ । बाँकी २० प्रतिशत शेयर आचार्यकी श्रीमती भावना सिंह श्रेष्ठको नाममा छ ।

'यो बिक्री हो जस्तो लाग्दैन, बिक्रीको नाटक मात्र हो' पाण्डे भन्छन्, 'पहिले नै श्रीमतीको नाममा २० प्रतिशत थियो, श्रीमानको नाममा अर्को कम्पनी खडा गरेर ८० प्रतिशत आयो यस्ता खालको काम भएका छन्, यो नाटक हो, यसमा अलि ध्यान दिनुपर्छ ।'

लोकतान्त्रिक समाजवादी पार्टीका सांसद सर्वेन्द्र नाथ सुक्लले पनि एनसेल प्रकरण बाहिर देखिए जस्तो सेयर बिक्रीको विषय मात्रै नभएको बताए । *(स्रोत: अनलाइनखबर)*

# पिप्लेक्याम्पामा शनिबारबाट जिल्ला लिग छनोट

हेटौंडा, २२ मंसिर/ मकवानपुर जिल्ला लिग 'क्वालिफाई' फुटबल प्रतियोगिता-२०८० आज शनिबारदेखि सुरु हुँदैछ । मकवानपुर जिल्ला फुटबल संघको आयोजनामा शनिवारबाट प्रतियोगिता सुरु हुन लागेको हो ।

उद्‌घाटन खेलमा हेटौंडा-१८ को कमलादेवी युवा क्लब र श्रीपञ्चशील यूवा क्लब हेटौंडा-१२ बीच प्रतिस्पर्धा हुने भएको छ । २३ मंसिरबाट हेटौंडा-५, स्थित पिप्ले-क्याम्पा रंगशालामा आयोजना हुने प्रतियोगिताको फाइनल खेल मंसिर ३० गते हुनेछ । क्वालिफाइको लागि जिल्लाका १२ वटा क्लव दर्ता भएको छ । लिग क्वालिफाइ खेल्नका लागि ज्ञानज्योति युवा क्लव हेटौंडा, पदमपोखरी फुटबल एकेडेमी, बकैया यूथ क्लव, पञ्चशील युवा क्लव, कमलादेवी युवा क्लव, जनहित युवा क्लव, द रिभाइबल यूथ क्लव, कमाने फुटबल एकेडेमी, अग्रसर युवा क्लव, जनप्रवाह क्लव, सहयोगी युवा समाज र समाज कल्याण युवा क्लव दर्ता भएका छन् ।

क्वालिफाइबाट फाइनल पुग्ने दुई क्लवले अर्को वर्षको जिल्ला लिग खेल्न पाउने र यस वर्षको लिगबाट दुईवटा क्लव रेलिगेसनमा पर्ने जिल्ला फुटबल संघका महासचिव छवि सुवेदीले जानकारी दिए । प्रतियोगितामा विजेता र उपविजेता टिमले शिल्ड, मेडल र ट्रफी प्राप्त गर्नेछन् । प्रत्येक खेलको म्यान अफ द म्याच र विधागत उत्कृष्ट खेलाडीलाई पुरस्कारको पनि व्यवस्था गरेको आयोजकले जनाएको छ ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना